नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुरको

# परीक्षाफल प्रकाशन सम्बन्धी विज्ञप्ती

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०७५ साल पौष महिनामा सञ्चालन भएको कक्षा ११ को ग्रेडवृद्धि परीक्षाको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०७५/१०/२१ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ। परीक्षाफलको विवरण निम्नानुसार रहेको छ।

| विवरण | संख्या |
|---|---|
| परीक्षामा सहभागी हुन पाउने परीक्षार्थी संख्या | १,४१,८२५ |
| सम्मिलित परीक्षार्थी संख्या | १३१,९८८ |
| परीक्षा रद्द गरिएको परीक्षार्थी सङ्ख्या | १६ |
| परीक्षा स्थगित गरिएको परीक्षार्थी संख्या | ७ |

**परीक्षफल सम्बन्धी जानकारी तपसिल अनुसारका Website, SMS सेवा तथा IVR सेवाबाट प्राप्त गर्न सकिने छ।**

**Website :-**

१. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
२. नेपाल टेलिकमको website : www.neb.ntc.net.np
३. इयुजोनिक्स एजुकेशन प्रा.लि. को website : www.edusanjal.com
४. One Up कम्युनिकेशन को website : www.meroshikshya.com
५. द कनेक्ट प्लस प्रा.लि., नागार्जुनको website : www.theconnectplus.com
६. कान्तिपुर पब्लिकेशन प्रा.लि. को website : www.ekantipur.com

**SMS सेवा:-**

१. नेपाल टेलिकमको १६०० मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **१६००** मा SMS गर्ने ।
२. जानकी टेक्नोलोजी प्रा. लि को **३५००१** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **३५००१** मा SMS गर्ने ।
३. इजि डिजिटल सर्भिस प्रा. लि को **३१००७** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **३१००७** मा SMS गर्ने ।
४. आकाश टेक प्रा. लि को **३१००३ मा** SMS गर्ने तरिका :
NEB <space> SymbolNo. टाईप गरी **३१००३** मा SMS गर्ने ।

**IVR सेवा : -**

१. नेपाल टेलिकमको १६०१ मा डायल गरी प्राप्त निर्देशानुसार गर्ने ।

पुनश्चः- **परीक्षा आवेदन फारम भर्ने सम्बन्धमा ।**

☞ २०७५ सालको कक्षा ११ को ग्रेडवृद्धि परीक्षाको नतिजामा C वा सोभन्दा तल्लो ग्रेड प्राप्त गरेका विषयमा २०७६ साल बैशाख/जेष्ठ महिनामा संचालन हुने कक्षा ११ को वार्षिक/ग्रेडवृद्धि परीक्षामा सहभागी हुन चाहने विद्यार्थीहरुका लागि २०७५ माघ मसान्तभित्र विलम्ब शुल्क रहित (प्रति विद्यार्थी रु. ६००।) का दरले रकम बुझाई २०७५ फागुन ७ गतेभित्र राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयहरुमा परीक्षा आवेदन फारम बुझाउन सक्ने गरी समय थप गरिएको हुदा परीक्षा सहभागी हुन चाहने परीक्षार्थीहरूले website बाट डाउनलोड गरेको ग्रेडसिट संलग्न गरी आवेदन फारम बुझाउनु हुन अनुरोध छ ।

☞ राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा ११ को ग्रेडवृद्धि परीक्षाको परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले प्रति विषय रु. ५००।- (पाँच सय) का दरले दस्तुर बुझाई पुनर्योगका लागि ग्रेडसिट वा website बाट डाउनलोड गरेको ग्रेडसिट संलग्न गरी परीक्षाफल प्रकाशन भएको मितिले **१५ (पन्ध्र)** दिन (२०७५ फागुन ७ गते) भित्र राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालय वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर**मा आवेदन दिइसक्नु पर्नेछ ।

☞ राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा ११ को ग्रेडवृद्धि परीक्षाको परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिष्ट्रेशन नंम्बर फरक पर्ने आदि) देखिएमा सम्बन्धित कार्यालयहरू **वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले** ६ महिनाभित्र (२०७६ साउन २० गतेसम्म) आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

☞ राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयहरुले समेत यसै सूचना अनुसार गर्नु/गराउनु हुन अनुरोध छ ।

\- परीक्षा नियन्त्रक
मिति : २०७५/१०/२१